बराहक्षेत्र नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चक्रघटी, सुनसरी

प्रदेश नं. १

## विषय :- ठेक्काको बोलपत्र आव्हान सम्बन्धी सूचना ।

सुचना प्रकाशित मिति : २०७६।०५।१०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम तथा यस नगरपालिकाको आर्थिक ऐन, २०७६ अनुसार यस नगरपालिकाले संकलन गर्ने देहायको कर, दस्तुर आ.व. २०७६/७७ का लागि ठेक्काको माध्यमबाट संकलन गर्ने भएको हुँदा निम्न शर्तहरुको अधिनमा रहने गरी शिलबन्दी बोलपत्र पेश गर्न इच्छुक फर्महरु सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। उल्लेखित सूचना बमोजिमको बोलपत्र फारम यस नगरपालिकाको कार्यालय, चक्रघट्टीमा राजश्व दस्तुर (दस्तुर फिर्ता नहुने) तिरी खरिद गर्न र तोकिएको अवधि भित्र बुझाउन सकिने छ ।

**बोलपत्र बिक्री हुने अन्तिम मिति :**

ठेक्का नं. १ :- २०७६।०६।०८ गते कार्यालय समय बेलुकी ५:००बजेसम्म ।

**बोलपत्र बुझाउने अन्तिम मिति :**

ठेक्का नं. १ :- २०७६।०६।०९ गते कार्यालय समय बिहान १२:०० बजेसम्म ।

**बोलपत्र खोल्ने मिति र समय :- बोलपत्र दाखिला गर्ने दिनको दिउँसो २:०० बजे ।**

**ठेक्का विवरण :**

| क्र.सं. (ठेक्का नं.) | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक (मु.अ.क. बाहेक) | बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|
| १.२०७६।७७ | ढुङ्गा,गिट्टी, बालुवा, मिक्स गिट्टी, भरौट बिक्री तथा नगर निकासी कर स्वीकृत प्रतिवेदनमा तोकिए बमोजिम नाकाहरु | ३,५०,००,०००।०० | ५,०००।०० | |

**नोटः बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट क्रमश उल्लेखित समय अनुसार नै उक्त कार्यहरु हुनेछ । मिति २०७६।०४।२० गते यसै पत्रिकामा प्रकाशित ढुङ्गा, गिट्टी, बालुवा, मिक्स गिट्टी, भरौट बिक्री ठेक्काको सूचना मिति २०७६।०५।०८ को कार्यापालिकाको बैठक बाट रद्द गरिएको व्यहोरा यहि सूचनाद्धारा सरोकारवालाहरु प्रति जानकारीका लागि अनुरोध छ ।**

**शर्त तथा जानकारीहरु :-**

१.) कर असुली सम्बन्धी विवरण तथा दररेट र ठेक्का पट्टा सम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ । साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी आवश्यक भएमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।

२) बोलपत्रदाताले सिलबन्दी खामको बाहिर राजश्व ठेक्का नं., ठेक्काको नाम प्रष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । साथै खाममा बोलपत्रदाताको विवरण (नाम ठेगाना र छाप भए सो समेत) र बराहक्षेत्र नगरपालिकाको कार्यालय, चक्रघट्टी, सुनसरी समेत उल्लेख गर्नु पर्नेछ ।

३) सिलबन्दी बोलपत्र फाराम साथ नागरिकता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क.दर्ताको प्रतिलिपी, आ.व.२०७४।७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ । बोलपत्र फाराम साथ धरौटी वापतको रकम (नेपाली नागरिक भए कबोल गरेको अङ्कको ५% र विदेशी नागरिक भए कबोल गरेको अङ्कको १० %) ले हुने रकम यस न.पा.को नाममा मेगा वैंक नेपाल लि. चक्रघट्टी शाखामा रहेको धरौटी हि.नं. ०२२००१०११७४०४ जम्मा गरेको सक्कल भौचर वा बोलपत्र बुझाउने अन्तिम दिनबाट कम्तीमा ९० दिनको म्याद भएको रीतपुर्वकको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

४.) यस सूचना बमोजिम दर्ता हुन आएका कुनै वा सवै बोलपत्र कुनै कारण जनाइ वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा हुनेछ ।

५.) ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५०%, दोश्रो किस्ता ३०% र तेश्रो तथा अन्तिम किस्ता २० प्रतिशत हुने गरी विभाजन गरिनेछ । किस्ता वापतको रकममध्ये पहिलो किस्ता सम्झौता गर्दा कै बखतमा, दोश्रो किस्ता फाल्गुण मसान्त भित्र र तेश्रो तथा अन्तिम किस्ता बराबरको रकम २०७७ सालजेष्ठ १५ गते भित्र बुझाउनु पर्नेछ । दोश्रो र तेस्रो किस्ता बराबरको रकमको हकमा २०७७ अषाढ मसान्त सम्म अवधि रहेको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । एकमूष्ठ रकम वुझाउन चाहनेले मूल्य अभिबृद्धि करको रकम सहित एकमूष्ठ रकम बुझाउंदा कवोल अंकमा मू.अ.करको रकम कटाई बाँकी रकममा १०% ले हुन आउने रकम छुट दिइनेछ ।

६. स्वीकृत बोलपत्र दाताले आफूले बुझाउनु पर्ने रकमका लागि पहिलो किस्ता नगदै बुझाई दोश्रो र तेश्रो किस्ताको रकम बाँकी राखेमा सो रकम बराबरको २०७६ साल आषाढ मसान्तसम्म कायम रहने नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैकको जमानत, सम्झौता गर्दाको बखतमा नै पेश गर्नु पर्नेछ ।

७.) बोलपत्र स्वीकृत भई सो को जानकारी प्राप्त भएको ७ (सात ) दिनभित्र सम्झौता गरी सक्नु पर्नेछ। उक्त अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार कारबाही अगाडी बढाईने छ ।

८.) ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट अभिलेख रहने गरी प्रमाणित गराएरमात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो सावित भएमा नियमानुसार कारवाही गरिने छ । साथै नगदी रसिदको नमूना नगरपालिकाबाट उपलब्ध गराइने छ ।

९.) कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

१०.) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखि कर संकलन गर्न पाइने छैन, ढाट वा तगारो राखेको पाइएमा नियमानुसार कारबाही गरिनेछ ।

११.) धरौटी वापत जम्मा गरिएको रकम किस्ता वा एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइने छैन ।

१२नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नु पर्ने आय कर मू.अ.कर लगायतका कर दस्तुर आदि सम्पूर्ण बुझाउने जिम्मेवारी सम्बन्धित ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

१३.) यस नगरपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत ठेक्का तोडीअन्यव्यवस्था गर्न सकिने छ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदारले व्यहोर्नु पर्नेछ ।

१४.)सम्बन्धित कर संकलनका लागि नगरपालिकाद्धारा तोकिएको स्थानहरु बाहेक अन्य स्थानबाट कर र दस्तुर उठाउन पाइने छैन ।

यस ठेक्का सम्झौता भएको मितिबाट आ.व. २०७६।७७ को असार मसान्त सम्म कायम रहनेछ ।

१५.) ठेक्का चलान गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्ष बीच आपसमा छलफलद्धारा समाधान गरिनेछ । त्यस्तो छलफलबाटसहमति हुन नसकेमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो को पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१६.) यस सूचनामा उल्लेख भए बाहेकका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१७) नगरपालिकाको कार्यालयको सिफारिस बढीमा १०००।- (एकहजार ) ट्रक, ट्रिपर ढुंङ्गा गिट्टी, बालुवा, मिक्स गिट्टी, भरौट आदि सम्बन्धित ठेकेदारले उपलब्ध गराउनु पर्नेछ । यसरी उपलब्ध गराएको रामग्रीको हुने रकम ठेकेदारले मिनाहाको लागि दाबी गर्न पाउने छैन ।

१८) ढुंङ्गा गिट्टी, बालुवा आदि जस्ता पदार्थहरु नदीबाछ उत्खनन् गर्दा प्रचलित ऐन, कानून अनुगमन समितिको निर्देशनमा साथै नदीको प्राकृतिक बहाबलाई प्रतिकूल असर नहुने गरी नदीको channelling गरेर मात्र उत्खनन गर्ने ।

१९) यस ठेक्काको न्यूतनम ठेक अंक स्वीकृत प्रतिवेदन ले निर्धारण गरिएको परिणामको आधारमा २०७७ जेष्ठ मसान्त सम्मका लागि हुने गरि कायम गरिएको जानकारी गराइन्छ ।

२०)उक्त बोलपत्र फारम बापत कबोल गरेको अंक वापतको रकम यस कार्यालयलाई बुझाउँदा चेकबाट कारोबार गर्न पाइने छैन ।

२१) ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले बुझाउनु पर्ने ठेक रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले मू.अ.कर समेत कार्यालयमा बुझाउनु पर्नेछ ।

२२) बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिइने छैन ।

२३.) एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

२४.) बोलपत्र खरिदकर्ताले पेश गर्ने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणीत गराई पेश गर्नु पर्ने छ ।

२५.) नेपाल सरकार वा अन्य निकायको कालो सुचीमा परेको व्यक्ति वा फर्मले बोलपत्रमा भाग लिन पाउने छैन ।

२६) नगरपालिकालाईगत विगतमा कुनै रकम तिर्नु बुझाउनु बांकी बक्यौता रहेको, बेरुजु कायम भै फर्छयौटको ताकेतामा परेको तर फछर्यौट नगरेको व्यक्तिवा यस्ता व्यक्ति संचालक भएको फर्म समेत बोलपत्रमा भाग लिन अयोग्य हुनेछ ।